म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८


म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्षः१५ अङ्कः- १८२ २०८१ जेठ ११ गते शुक्रबार 24 May 2024, Friday - पृष्ठ ४ मूल्य रु. ५/-




## हेटौँडामा राष्ट्रिय शैक्षिक सम्मेलन आजबाट

समाज संवाददाता

हेटौँडाः हेटौँडास्थित मकवानपुर बहुमुखी क्याम्पसले आयोजना गरेको राष्ट्रिय शैक्षिक सम्मेलन आज शुक्रबार देखि हेटौँडामा सुरु हुँदैछ। शनिबारसम्म हेटौँडामा हुने सम्मेलनमा देशभरका ६० भन्दा बढी संख्याका क्याम्पसका करिब ३ सय प्राध्यापक, अनुसन्धाताको सहभागिता रहने छ । सम्मेलनमा सहभागी हुने प्राध्यापक, अनुसन्धाता बिहिबार साँझै हेटौँडा आइपुगिसकेका छन् ।

"उच्च शिक्षाका चुनौतिहरुः रोजगारी सिर्जना, दीगोपन र कक्षा छाड्ने दर न्यूनीकरण" भन्ने मूल आशयका साथ सम्मेलन आयोजना गरिएको मकवानपुर बहुमुखी क्याम्पसका प्रमुख डा. यमबहादुर सिलवालले जानकारी दिनुभएको छ । देशभरका आंगिक, सामुदायिक र निजी क्याम्पसका समस्या र चुनौतिका विषयमा छलफल गर्दै समस्या समाधान गरी उच्च शिक्षाको अनुकुल वातावरण निर्माण गर्नु सम्मेलनको उद्देश्य रहने उहाँको भनाइ छ ।

विश्वविद्यालय अनुदान आयोगबाट गुणस्तर सुनिश्चितता प्राप्त क्याम्पसहरुलाई आयोगले नै आफ्ना समस्या पहिचान गर्न, समाधानका उपाय अवलम्बन गर्न र गुणस्तरीय उच्च शिक्षाको निरन्तर सुनिश्चितताका लागि सम्मेलन, गोष्ठी, प्राध्यापकको क्षमता अभिवृद्धि, क्याम्पसको भौतिक एवम् शैक्षिक सुधारका लागि सहयोग र सहकार्य गर्ने क्रममा सम्मेलन आयोजना हुन लागेको हो ।

सम्मेलनमा मध्यपश्चिमाञ्चल विश्वविद्यालयका उपकुलपति प्रा.डा. ध्रुबकुमार गौतम र विश्वविद्यालय अनुदान आयोगका सल्लाहकार तथा लुम्बिनी बौद्ध विश्वविद्यालयका पूर्वउपकुलपति हृदयरत्न बज्राचार्य प्रमुख वक्ताको रुपमा रहनु हुनेछ । यस्तै हेटौँडा उपमहानगर पालिकाकी प्रमुख मीना कुमारी लामासहित नेपाल फिलोसोफिकल रिसर्च सेन्टरका अध्यक्ष डा. तेज बहादुर कार्की, डा. दशरथ न्यौपाने, आइडिया स्टुडियो नेपालका अध्यक्ष डा. छिरिङ लामा पनि वक्ताको रुपमा सहभागी हुनुहुनेछ ।

यस्तै काठमाडौं मोडल कलेजका अनुसन्धान प्रमुख डा. निरञ्जन देवकोटा, पृथ्वी नारायण क्याम्पसका प्राध्यापक डा. मीन पुन, त्रिभुवन विश्वविद्यालयको व्यवस्थापन संकायका सह-प्राध्यापक डा. प्रकाश कुमार गौतम, सौरभ लोहनी, विश्वविद्यालय अनुदान आयोगका सहायक निर्देशक नारायण भण्डारी पनि प्रमुख वक्ताको रुपमा सहभागी हुनुहुनेछ ।

सम्मेलन आयोजनाका लागि बागमती प्रदेश सरकारको सामाजिक विकास मन्त्रालय, विश्वविद्यालय अनुदान आयोग, जिल्ला समन्वय समिति मकवानपुर, नेपाल फिलोसोफिकल रिसर्च सेन्टर, हेटौँडा उपमहानगरपालिका, मकवानपुर उद्योग वाणिज्य संघ, उद्योग संघ मकवानपुर, नारायणी यातायात व्यवसायी संघको सहयोग रहेको क्याम्पस प्रमुख डा. सिलवालले जानकारी दिनुभएको छ। सम्मेलनमा सहभागीलाई मकवानपुर जिल्लाको पर्यटकीय क्षेत्रको अवलोकन भ्रमण समेत गराइने उहाँले बताउनुभएको छ ।

## कांग्रेसले भ्रष्टाचारविरुद्धको मिसन लिनुपर्छः उपसभापति गुरुङ



समाज संवाददाता

हेटौंडाः नेपाली कांग्रेसका केन्द्रीय उपसभापति धनराज गुरुङले कांग्रेसले भ्रष्टाचारविरुद्धको मिसन लिनुपर्ने बताउनुभएको छ। बिहीबार 'प्रजातान्त्रिक दर्पण मकवानपुर' नामक स्मारिका विमोचन कार्यक्रममा हेटौंडा आउनुभएका गुरुङले यस्तो बताउनुभएको हो ।

अरु पार्टीले मिसन ८४ भन्दै हिँड्ने गरेकोमा कांग्रेसले देशमा सुशासन र भ्रष्टाचार निर्मूल गर्ने मिसन लिएर अघि बढ्नुपर्ने धारणा राख्नुभएको हो । भ्रष्टाचारीको कुनै जात, धर्म, पार्टी नहुने भएकाले चाहे काँग्रेसको होस् या अन्य पार्टीको होस् भ्रष्टाचार गरेमा कारबाही हुनुपर्ने नेता गुरुङको भनाइ छ । भ्रष्टाचारको काण्डसँग जोडिएकालाई कारबाहीको नीति लिनुपर्नेमा उहाँको जोड थियो ।

राजनैतिक दलले जनताको पक्षमा काम गर्नुपर्छ भन्ने तर काम कम गर्ने गुरुङको भनाइ छ। कांग्रेस पार्टीको व्यवस्था खराब नभएको बताउँदै पार्टीभित्रको प्रवृति खराब भएको र पार्टीका नेता खराब भएको नेता गुरुङले बताउनुभयो । 'नेपाली राजनीतिमा गणतन्त्र नेपालको लागि कांग्रेसले रगत नै बगाएर लागि परेका थियो । तर गणतन्त्रका लागि लडिरहँदा नेपाली नागरिकता त्यागेर अमेरिका बसेकाले कुनै योगदान गरेका छैनन्', उपसभापति गुरुङले भन्नुभयो- 'अमेरिकाको राष्ट्रपतिको तलब वार्षिक ४ लाख डलर हुन्छ । रवि लामिछानेले मासिक १ लाख डलर कमाउने भनेको ठगेरमात्र सम्भव छ ।'

जनतालाई ठगेर, २ वटा पासपोर्ट र नागरिकता राखेर नेता बन्न नपाइने उहाँको भनाइ छ । 'वर्तमान राजनीतिले हिजोको दिनको संघर्षलाई बिर्सने काम गरेको छ । जसले राजनीतिमा विकृति फैलिँदै गएको छ। लाखौं जनता ठग्नेहरू नेता भएका छन् । जसले देश भ्रष्टाचारमा डुबेको छ। पार्टीभित्रको कमी कमजोरी पार्टीभित्रै बसेर समाधान गर्ने हो', उपसभापति गुरुङले भन्नुभयो ।

पार्टीको महाधिवेशनमा आफूले देशमा भएका वडा अध्यक्षदेखि प्रधानमन्त्रीसम्मको सम्पत्ति छानबिन गर्नुपर्ने नीति लिनुपर्ने भन्दा पार्टीभित्र केन्द्रीय नेताहरू स्थानीय तहबाट जितेर आउनुपर्ने भन्ने कुरामा अलमल गरिरहेको उहाँको भनाइ छ । काँग्रेस पार्टीभित्र नै कमजोरी रहेको बताउँदै सम्पत्ति शुद्धीकरणको एजेण्डा संसद्मा दर्ता गराएको नेता गुरुङले बताउनुभयो । पार्टीभित्र पनि बिग्रेका नेता भएमा बहिस्कार गर्न सक्नुपर्ने गुरुङ बताउनुहुन्छ ।

वर्तमान समयमा गफले नभई कांग्रेस व्यवहारले सुध्रिँदै जानुपर्ने बताउँदै उहाँले भन्नुभयो- 'राजाको पालामा बीपी प्रधानमन्त्री हुँदा आफ्नो पार्टीका मन्त्रीलाई छानबिन गर्नु भनेर भन्ने आँट गरेका थिए, तर अहिले सबै भ्रष्टाचारमा लिप्त रहेकाले कुनै एउटाले भ्रष्टाचारको फाइल खोल्छु भन्दा नखोल भन्ने र अनुसन्धान गर्नु पर्दा पछि हट्ने गरेका छन्।' सबैलाई खानको मात्र ध्यान छ भन्दै अहिले कुनै कमजोरी देखिएमा लुकाउने काम भएको उहाँले बताउनुभयो ।

## मकवानपुरगढी गाउँपालिकाको ३ नम्बर वडा निःशुल्क शिक्षा घोषणा

समाज संवाददाता

हेटौंडाः मकवानपुरगढी गाउँपालिकाले वडा नम्बर ३ लाई अनिवार्य तथा निःशुल्क शिक्षा वडा घोषणा गरिएको छ । बिहीबार ३ नम्बर वडा अध्यक्ष भागवत घिमिरेको सभाध्यक्षतामा गाउँपालिकाको उपाध्यक्ष मानकुमारी पाख्रिनले हस्ताक्षरपत्रमा हस्ताक्षर गरी निःशुल्क शिक्षा वडा घोषणा गरिएको गाउँपालिकाका शिक्षा सहजकर्ता कमल फुयालले जानकारी दिनुभयो ।

संविधानको भाग ३ को धारा ३१ मा शिक्षाको हकअन्तर्गत् रहेको आधारभूत तहसम्म निःशुल्क तथा अनिवार्य शिक्षा र माध्यमिक तहसम्म निःशुल्क शिक्षाको व्यवस्था छ। उक्त व्यवस्था गाउँपालिकाभित्र लागू गर्ने तयारीका लागि वडामा निःशुल्क शिक्षा घोषणा गरिएको हो ।

अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५, नियमावली २०७७ र अनिवार्य तथा निःशुल्क शिक्षा घोषणा कार्यविधि २०८० बमोजिम हस्ताक्षरपत्रमा हस्ताक्षर गरी मकवानपुरगढी गाउँपालिका ३ नम्बर वडालाई निःशुल्क शिक्षा वडा घोषणा गरिएको फुयाँलले जानकारी दिनुभयो ।

२०८५ सालभित्र देशभरका ७ सय ५३ वटा स्थानीय तह नै निःशुल्क शिक्षा घोषणा गर्ने कार्यविधि रहेको छ । यसै कार्यविधिलाई आधार मानेर जेठ महिनाभित्र मकवानपुरगढी गाउँपालिकालाई अनिवार्य तथा निःशुल्क शिक्षा घोषणा गर्ने तयारी गरिएको फुयाँलले जानकारी दिनुभयो । यसअघि मकवानपुरगढी गाउँपालिकाले वडा नम्बर १ लाई अनिवार्य तथा निःशुल्क शिक्षा वडा घोषणा गरिसकेको छ ।

यसअघि जेठ ४ गते ५ नम्वर वडा अनिवार्य तथा निःशुल्क शिक्षा घोषणाका लागि आवश्यक तयारी नपुगेका कारण केही समय पछिका लागि सारिएको उहाँले जानकारी दिनुभयो। यस्तै, आज शुक्रबार ४ नम्बर, १४ गते २ नम्बर वडा, १८ गते ६ नम्बर, १६ गते ७ नम्बर, १७ गते ८ नम्बरलाई निःशुल्क शिक्षा वडा घोषणा गर्ने तयारी रहेको छ। आर्थिक वर्ष २०७९/०८० मा बागमती गाउँपालिका र कैलाश गाउँपालिकामा निःशुल्क तथा अनिवार्य शिक्षा घोषणा भएको छ भने आर्थिक वर्ष २०८०/०८१ मा मकवानपुरगढी गाउँपालिका र थाहा नगरपालिका घोषणा गर्ने तयारी रहेको छ।

कार्यक्रममा स्रोत शिक्षक दासरथी उपाध्याय, गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख रामबहादुर घलानको उपस्थिति रहेको थियो । कार्यक्रममा राजनीतिक दलका प्रतिनिधिहरुको पनि उपस्थिति रहेको थियो। राष्ट्रिय स्वतन्त्र पार्टीका गाउँ कमिटी अध्यक्ष अर्जुनप्रसाद दाहाल, नेकपा एमालेको गाउँ कमिटी उपाध्यक्ष जीतबहादुर घिमिरे, नेपाली कांग्रेस वडा ३ का सभापति विजय थोकर, वृहत् खानेपानी तथा रानी सामुदायिक वनका अध्यक्ष विष्णुप्रसाद न्यौपाने, भानु माध्यमिक विद्यालयका विद्यालय व्यवस्थापन समिति अध्यक्ष खिलप्रसाद चौलागाईंको पनि आतिथ्य रहेको थियो ।

वडाका विद्यालयका प्रधानाध्यापक एवम् शिक्षक, बाल समूह, किशोरी समूह, टोल विकास संस्था, आमा समूह, वडा जनप्रतिनिधिहरु, सहकारी, वन समूहलगायत संस्थाका प्रमुख एवम् प्रतिनिधिहरुको उपस्थितमा मकवानपुरगढी गाउँपालिका वडा नम्वर १ लाई अनिवार्य तथा निःशुल्क शिक्षा लागू भएको वडा घोषणा गरिएको फुयाँलले जानकारी दिनुभयो ।

## बुद्ध जयन्तीमा सिमभन्ज्याङमा बुद्धको मूर्ति स्थापना

समाज संवाददाता

हेटौंडाः मकवानपुरको सबैभन्दा उचो भु-भागमा हेटौंडाका एक दम्पत्तिले बुद्धको मूर्ति स्थापना गरेका छन्। हेटौंडा उपमहानगरपालिका-११ का समाजसेवी सिद्धिलाल श्रेष्ठ र वविता श्रेष्ठले थाहा नगरपालिका-४ सिमभन्ज्याङमा साढे १८ फिट उचाईको बुद्धको मूर्ति स्थापना गरेका हुन् । २४८८ मिटर उचाईमा रहेको सिमभन्ज्याङको सानो समथर थुम्कोमा श्रेष्ठ दम्पत्तिले स्थापना गरेको बुद्धको मूर्तिको २५६८ औ वुद्ध जयन्तीको अवसरमा थाहा नगरपालिकाका प्रमुख विष्णु बहादुर विष्टले बिहीबार एक समारोहबीच अनावरण गरेका थिए ।

बुद्ध मूर्तिको अनावरण गर्नुहुँदै नगरप्रमुख विष्टले पर्यटकीय क्षेत्रमा बुद्धको मूर्ति स्थापना गरेर आन्तरिक एवम् वाह्य पर्यटकहरुलाई आकर्षित गर्न योगदान पुऱ्याएको बताउनुभयो। स्थापना गरिएको बुद्धको मूर्तिको संरक्षणको जिम्मा स्थानीयवासी र पालिकाले लिनेसमेत उहाँले प्रतिवद्धता व्यक्त गर्नुभयो। त्रिभुवन राजपथको सडक छेउको थुम्कोमा निर्माण गरिएको बुद्धको मूर्तिले खासगरी वौद्धमार्गीहरुलाई सिमभन्ज्याङ क्षेत्रमा आकर्षण गर्ने वडाध्यक्ष विनोद लामाले बताउनुभयो । "बुद्धको मूर्ति यस क्षेत्रमा स्थापना गरिएको छैन, यो नै पहिलो हो", उनले भने । श्रेष्ठ दम्पत्तिले करिब १५ लाखको लागतमा उक्त मूर्ति निर्माण गरेर स्थापना गरेका हुन्। बुद्धको मूर्तिको अनावरण र प्राणप्रतिष्ठा पश्चात स्थानीयवासी मूर्तिमा पुजा गर्न भीड लागेका थिए । मकवानपुरगढी-७ का हर्करत्न भुलुनले ६ महिना लगाएर बुद्धको मूर्ति बनाउनुभएको थियो। श्रेष्ठ दम्पत्तिले हेटौंडा उपमहानगरपालिका-११ राप्ती पुल नजिकै बुद्धको मूर्ति स्थापना गरेर आकर्षक बुद्धपार्क निर्माण गरेका छन् ।

विशेषता : जापानिज भाषा
PTE/Ielts
युरोपिय देशहरुमा शैक्षिक अवसर साथै विशेष गरी फिनल्यान्ड देशका लागि न्युनतम शुल्कमा शैक्षिक परामर्श सहित सेवा प्रदान ।



सम्पर्क : ०५७-५९०६४५
९८०२३७१४४४
ठेगाना : स्कूलरोड, हेटौंडा-४
पुजन प्लाजा तेस्रो तल्ला
IDB Education Consultancy pvt Ltd

## "डम्फुको आत्मालाप" को हेटौंडामा परिचर्चा

समाज संवाददाता

हेटौंडाः भक्त स्याङ्तानको कथासंग्रह "डम्फुको आत्मालाप" माथि हेटौंडामा परिचर्चा कार्यक्रम भएको छ। किताबघर हेटौंडाको आयोजनामा बिहिबार हेटौंडामा परिचर्चा कार्यक्रम भएको हो । २०८० असारमा प्रकाशन भएको कथासंग्रहमाथि लेखक भक्त स्याङ्तानसहित समीक्षक घनश्याम घिमिरेले परिचर्चा गर्नुभएको थियो ।

पत्रकार सुरेश श्रेष्ठले सहजीकरण गर्नुभएको कार्यक्रममा पाठकको प्रतिक्रियाको रुपमा साहित्यकार यश लामा र साहित्यकार एवम् मकवानपुरको राक्सिराङ गाउँपालिकाका उपाध्यक्ष वनस्थम थिङले पनि प्रतिक्रिया जनाउनुभएको थियो । तामाङ समुदायको कथालाई सुन्दर तरिकाले संग्रहित गर्न सफल भएको भन्नुहुँदै समीक्षक घिमिरेले सरल र प्रभावकारी भाषा, शैलीमा कथा प्रस्तुत गर्न लेखक सफल भएको बताउनुभयो । उहाँले कथासंग्रहमा समेटिएका ११ मध्ये ५ कथा उत्कृष्ट भएको र अन्य कथा पनि पठनीय रहेको बताउनुभयो ।

लेखक भक्त स्याङ्तानले तामाङ समुदायको दुख र पीडालाई कथामा समावेश गरिएको बताउनुभयो । लेखक स्याङ्तानले कथासंग्रहमा समावेश कथाहरुलाई आफूले शब्दमा व्याख्या गर्न नसक्ने उल्लेख गर्नुहुँदै उहाँले पाठकलाई कथा पढेर कथालाई बुझ्न आग्रह गर्नुभयो। "डम्फुको आत्मालाप" सांग्रीला पब्लिकेसन्स्ले प्रकाशन गरेको हो। कथाकार र समीक्षकसँगको परिचर्चा कार्यक्रम पत्रकार सुरेश श्रेष्ठले सहजीकरण गर्नुभएको थियो ।

सामुदायिक रेडियो,
रेडियो निकास
९३.४ मेगाहर्ज
सुनौं
र सुनाऔं



## सम्पादकीय

# असन्तुलित अर्थतन्त्र

एकात्मक शासन व्यवस्थाले देशका सबै क्षेत्रको समानुपातिक विकास गर्न नसकेको भन्दै संघीय शासन व्यवस्था लागू गरिएको हो । एकात्मक शासन व्यवस्थाले देशको दूरदराजको विकासमा ध्यान दिन नसकेको हुँदा मुलुकलाई ७ वटा प्रदेशमा विभाजन गरियो । संघीय व्यवस्थामा प्रदेशहरुबीच आर्थिक, सामाजिक विकासका लागि प्रतिस्पर्धा बढ्ने र आ-आफ्नो प्रदेशको विकासमा ध्यान केन्द्रित गर्ने भएपछि त्यसले मुलुकको समानुपातिक विकास हुने आशा गरिएको थियो । तर, प्रदेश बनाउँदादेखि नै सबै कुरामा सन्तुलन कायम गर्न नसक्दा ती प्रदेशको विकासमात्र होइन, समग्र अर्थतन्त्र पनि असन्तुलित देखिएका छन् । मुलुकका सातवटा प्रदेशको आर्थिक विकासको मुख्य आधारको रुपमा रहेको कुल गार्हस्थ उत्पादन (जीडीपी)मा अन्त्यन्तै बढी विचलन पाइनुले प्रदेशको अर्थतन्त्र थप असन्तुलित हुने सम्भावना देखिएको छ ।

राष्ट्रिय तथ्यांक कार्यालयले बुधबार सार्वजनिक गरेको तथ्यांकले प्रदेशको जीडीपीमा योगदानको अवस्था अत्यन्तै असन्तुलित देखाएको छ । कार्यालयले सार्वजनिक गरेको चालु आर्थिक वर्ष २०८०/०८१ को प्रादेशिक जीडीपीको अनुमान यस्तो असन्तुलन देखाएको छ । नेपालको अर्थतन्त्रको आकार अर्थात् जीडीपी करिब ५७ खर्ब ५ अर्ब पुग्ने प्रारम्भिक अनुमान कार्यालयको छ । प्रादेशिक जीडीपीलाई हेर्दा बागमती प्रदेशको सबैभन्दा धेरै २० खर्ब ७४ अर्ब रुपैयाँ रहेको छ । बागमती प्रदेशले कुल अर्थतन्त्रको ३६.४ प्रतिशत योगदान पुऱ्याउने प्रारम्भिक अनुमान गरिएको छ । सात वटा प्रदेशमध्ये सबैभन्दा कम जीडीपी कर्णाली प्रदेशको करिब २ खर्ब ४४ अर्ब रुपैयाँ हुने अनुमान गरिएको छ । यो वर्ष कर्णालीले देशको कुल जीडीपीमा ४.२८ प्रतिशत योगदान पुऱ्याउने अनुमान गरिएको छ । प्रदेशको आर्थिक विकास सन्तुलित हुने हो भने राष्ट्रिय अर्थतन्त्रमा प्रत्येक प्रदेशको योगदान १४-१५ प्रतिशत हुनुपर्छ । यसलाई औसत मानेर हेर्दा सबै प्रदेशको जीडीपीमा योगदान १० देखि २० प्रतिशतको बीचमा हुँदासम्म सन्तुलित मान्न सकिन्थ्यो । देशको अर्थतन्त्रमा प्रादेशिक योगदान ३० प्रतिशतभन्दा बढी अन्तर पाइनुले प्रदेशबीच चरम आर्थिक असन्तुलन देखाएको छ । राष्ट्रिय जीडीपी (कुल गार्हस्थ्य उत्पादन)मा कोशीले १५.८ प्रतिशत, लुम्बिनीले १४.३ प्रतिशत र मधेशले १३.१ प्रतिशत योगदान दिने अनुमान गरिएको छ । यस तथ्यांकले कोशी, लुम्बिनी र मधेश प्रदेशको जीडीपीमा योगदान औसतको हाराहारीमा रहेको देखिन्छ, जसलाई तुलनात्मकरुपमा सन्तुलित मान्न सकिन्छ । गण्डकी प्रदेशको योगदान (९.१ प्रतिशत), सुदूरपश्चिम प्रदेशको योगदान (७.१ प्रतिशत) र कर्णाली प्रदेशको योगदान (४.३ प्रतिशत) रहेकाले यी प्रदेशको अवस्था औसतभन्दा कम देखिन्छ । बागमती प्रदेशले कुल जीडीपीमा ३६.४ प्रतिशत योगदान दिने अनुमान गरिएको छ, जुन औसतको दोब्बरभन्दा पनि बढी छ । गत वर्षको तुलनामा कोशी, मधेश, कर्णाली र सुदूरपश्चिमको जीडीपीमा योगदान घटेको र बाँकी प्रदेशको योगदान बढेको तथ्यांकमा देखिएको छ ।

देशका सबै प्रदेशको अर्थतन्त्र समानुपातिक र सन्तुलित भएमात्र संघीयताको औचित्य रहन्छ । कर्णाली प्रदेशको जीडीपीको झण्डै ९ गुणा बढी बागमती प्रदेशको जीडीपी रहनुले प्रादेशिक अर्थतन्त्रमा निकै नै असन्तुलन प्रष्ट पार्दछ । जीडीपीमा योगदानमात्र नभई अन्य आर्थिक सूचकहरुमा पनि कर्णाली प्रदेशको अवस्था अन्य प्रदेशको तुलनामा निकै कमजोर रहेको छ । प्रदेशको आन्तरिक आम्दानीले पनि यस्तो असमानता अत्यधिक रहेको प्रष्ट हुन्छ । बागमतीबाहेक कुनै पनि प्रदेश आफ्नो आन्तरिक आम्दानीबाट प्रदेशको साधारण खर्च धान्न सक्ने अवस्थामा छैनन् । संघीय सरकारले दिने बजेटबाट प्रशासनिक खर्च धान्नुपर्ने प्रदेशले कसरी विकास निर्माणका काममा पर्याप्त लगानी गर्न सक्लान् ? जटिल प्रश्न उब्जन्छ । संघीयतालाई टिकाइराख्न यस्को औचित्य पुष्टि हुनुपर्छ । यसका लागि प्रदेशको अर्थतन्त्रलाई सन्तुलित बनाउनु आवश्यक छ । कम्तिमा प्रदेशले आफ्नै आन्दानीबाट आन्तरिक खर्च धान्न सक्ने हुनुपर्छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | चित्लाङ इलाका ६२१००० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | वारुण यन्त्र १०१ |
| ट्राफिक प्रहरी १०३ | बालबालिका खोजतलास केन्द्र १०४ |
| वडा प्रहरी ५२०२९९ | बाल हेल्पलाइन १०९८ |
| पशुपतिनगर इलाका ५२०५९८ | हेलो सरकार ११११ |
| मनहरी इलाका ९८५५०९०१६१ | नेपाल टेलिकम सोधपुछ १९७ |
| भीमफेदी इलाका ६९१४६२ | एम्बुलेन्स १०२ |
| पालुङ इलाका ६२०४६७ | नेपाल विद्युत प्राधिकरण गुनासो ११५० |
| फापरबारी इलाका ६२१९८० | |

## तपाईको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : धार्मिक यात्रामा सरिक भइने समय योग छब।
**वृष** : कर्तव्य निष्ठा बनिने समय योग रहेको छ ।
**मिथुन** : व्यापार व्यवसाय मध्यमकर रहनेछ ।
**कर्कट** : परोपकारजन्य कामबाट आत्मसन्तुष्टि प्राप्त होला ।
**सिंह** : आध्यात्मिक कृत्यमा सरिक हुँदा आनन्द प्राप्त होला ।
**कन्या** : पढाइ लेखाइ मध्यमकर रहने समय योग छ ।
**तुला** : पढाइ लेखाई ठिकै रहने समय योग रहेको छब।
**वृश्चिक** : धार्मिक सामाजिक काममा मन जाने योग छ ।
**धनु** : पढाइलेखाइमा मध्यम कारक रहने योग छ ।
**मकर** : शारीरिक अस्वस्थता बढ्ने समय योग छ।
**कुम्भ** : प्रेमिल भावनामा वृद्धि हुने योग छ ।
**मीन** : पढाइ लेखाएका कामहरुमा समय व्यतीत होला।

# शिक्षक सरुवाको प्रसंगहरुका सबालमा पनि बहस गर्ने कि ?



✍ रमेश प्रसाद लामिछाने

१. शिक्षा ऐनको चर्चा आजकाल ओझेलमा छ । नयाँ शिक्षा ऐनको माग गर्नेहरु थाके जस्तो देखिन्छन् । शिक्षकहरु पनि मौन देखिएका छन् । मात्र नयाँ शिक्षा ऐन चाहियो भनेर आन्दोलन पनि त भएको छैन नि । शिक्षकका पेशागत संस्थाहरुबाट पनि औपचारिकताका विज्ञप्ति आएका छैनन् । शिक्षाका विज्ञहरु पनि शिक्षा ऐनकै मात्र कत्ति कुरा गर्ने ठानेछन् कि ? शिक्षा ऐनलाई मिडियाले पर्याप्त स्पेस दिएको भन्नै पर्दछ । शिक्षा विधेयक संसदमा टेबल भएको र सम्बन्धित समितिमा आवश्यक छलफलका लागि प्रस्तुत भएको पनि समाचार आएकै हो । सांसदहरुले एक सय भन्दा बढि संसोधन प्रस्ताव पेश गरेको पनि सुनिएकै हो । शिक्षा ऐन ल्याउन बिगतमा अनेकौं बहाना बन्ने गर्दथे । अहिले पनि थप कारणहरु देखाई शिक्षा प्राथमिकतामा पारिएन । नगर्नलाई सजिलो त दोष अन्त दिदाँ सहज हुने रहेछ । हामी तुरुन्तै नयाँ शिक्षा ऐन दिने छौं भनेर चुनावताक भन्नेहरु कता छन् ? बाधक को हो ? कारणहरु के होलान् ? हुन त, नयाँ शिक्षा ऐन नआएर स्कूल कलेज बन्द भएका पनि छैनन् । शिक्षकले पढाउन छोडेका पनि हैनन् । पढाई भएकै छ । जागिर चलेकै छ । शिक्षा मन्त्रालय र मातहतका अंगहरु सबै ब्यस्त भएकै छन् । विद्यार्थीलाई शिक्षा ऐनको महसुस देखिएन । अभिभावकलाई झनै सरोकार नै छैन । नयाँ शिक्षा ऐनको अभावमा कसैको पनि केहि नरोकिएको अवस्था देखेर नै सरकारले पर्खिरहेको हुन सक्छ ।

२. शिक्षाका प्रत्येक विषय ऐनमा ब्याख्या सम्भब हुँदैंन नै । ऐन ले त दिशा निर्देश गर्ने हो । उद्धेश्य र गन्तब्य किटानी गर्ने हो । विषय र शिर्षक उल्लेख गर्ने हो । ऐनमा छुटाउनै नहुने कुरा त ऐनले बोल्नै पर्दछ । नियमावली निर्माणका लागि मार्ग प्रशस्त गर्नेकाम पनि ऐनले गर्नै पर्दछ । कन्फ्युजनका विषयहरु नियमावलीमा बिस्तृतिकरण गर्ने आधार ऐनले नै निर्देश गर्ने परम्परा छ । देशको मूल कानून भनेको संविधान हो । संविधान संग बाझिने गरी कुनै पनि ऐन कानून बनाईदैंन । ऐन कानुनको प्रतिकूल नियमावली हुनै सक्दैनन् । तोकिए अनुशार हुने र निर्देश गरे बमोजिम हुने भनि ऐनले बाटो खुल्ला गरेको हुन्छ । शिक्षकको सरुवा गर्ने र हुन सक्ने कुरा ऐनले उल्लेख गरेको हुन्छ । विद्यमान शिक्षा ऐनको दफा १६को (ज) मा शिक्षक सरुवा बारे उल्लेख गरिएको छ । सोहि दफामा टेकेर नियमावलीको नियम नं.९८ र ९९ मा शिक्षक सरुवाबारे बिस्तृत उल्लेख गरि एको छ । शिक्षा अधिकारी तथा निर्देशकले सरुवा गर्न सक्ने कुरा र पाँच वर्ष अवधिका प्रसंग पनि नियमावलीमा किटानी गरिएको छ । सरुवाको आधारबारे अवधि र शर्तहरुबारे पनि सान्दर्भिक अवस्थाहरुको ब्यवस्था गरिएको पाईन्छ । यद्यपि, ती शर्तहरु हाल परिवर्तित सन्दर्भमा पर्याप्त छैनन् । अवस्थाहरु फेरिएका छन् । अपेक्षित रुपमा स्पष्ट भएन भन्ने पनि सुनिएको छ । शासकिय संरचनामा परिवर्तन भएको छ ।

३. शिक्षक सरुवा आधारका सम्वन्धमा अलि बढि चर्चा हुने गरेको पाईन्छ । सेवा प्रवेश भएकै विद्यालयबाट निबृत्त अर्थात बिदाई हुने जागिर शिक्षक मात्र हो भन्ने गरिएको छ । हुन पनि नियुक्त भएकै संस्थाबाट अवकाश हुने भनेका शिक्षक मात्र भेटिन्छन् । शिक्षकले माग गरेर मात्र सरुवा हुने परम्परा छ । सहमती बेगर शिक्षक सरुवा बिरलै देखिन्छन् । ऐन नियमावलीले शिक्षक सरुवा गर्न सक्ने भनि तोकिएका शिक्षाका अधिकारी तथा निर्देशकहरु निरिह जस्तो लाग्छन् । स्थानिय तहका शिक्षाका शाखा एवम् महाशाखा प्रमुखहरुकै सिफारिसमा शिक्षा विकास तथा समन्वय ईकाईका प्रमुखले सम्वन्धित जिल्ला भित्र शिक्षक सरुवा गर्न सक्ने भनि प्रचलित नियम कानूनमा ब्यवस्था गरिएको छ । तर, स्थानिय तहका जनप्रतिनिधिहरु र पेशागत नेतृत्वको सहमति बाहेक सरुवा गर्न नसक्ने स्थितिलाई उपयुक्त भन्न मिल्दैन । शुन्य दरबन्दिका विद्यालयको विवरण लामै देखाईएको छ । राहत तथा स्थानिय अनुदानको आडमा नियुक्त शिक्षकहरुबाट संचालित शिक्षण संस्थाहरुको संख्या पनि ब्यापक छन् । दरबन्दी मिलानको चर्चा प्रत्येक वर्ष हुने गरेको छ । कागजमा मिलाउने कुरामा हाम्रो शैक्षिक संयन्त्र धेरै अगाडि छ भन्दा अत्युक्ति नहोला । दशकौं वर्ष पहिले श्रृजना गरिएको शिक्षक दरबन्दि संख्या यथावत छ । आवश्यकता अनुशार जनशक्ति ब्यवस्थापन गर्न नसक्नु सरकारी लाचार पन भन्नै पर्दछ । यहि तदर्थ कामचलाउ शैलीकै कारणले शिक्षा आलोच्य बनेको यथार्थ स्विकार्नै पर्दछ ।

४. नियुक्त भएको विद्यालयबाट कम्तिमा पाँच वर्ष सरुवा गर्न नहुने भन्ने विषय हाल अलि चर्चामा रहेको छ । संगै, सरुवाका लागि ब्यवस्थापन समितिको सहमति नचाहिने ब्यवस्था गर्न पर्ने भन्ने आवाज उठेको छ । शारीरिक असहजता भएका ब्यक्तिहरुका सम्वन्धमा भने यो शर्तात्मक अवस्थाहरु लागु हुने छैनन् भनिएको छ । स्थानिय तहको सिफारिसमा इकाई प्रमुखले जिल्ला भित्र सरुवा गर्ने स्थिति हुनुपर्छ भन्नेहरु पनि कम छैनन् । शिक्षक सरुवामा पेशागत नेतृत्वको हस्तक्षेप कायम रहेसम्म शिक्षक सरुवा कानून अनुशार हुनै नसक्ने भन्नेहरु पनि भेटिए । शिक्षक सरुवाको सन्दर्भलाई शिक्षक दरबन्दि मिलान संग जोडेर बुझ्न जरुरी देखिन्छ । शिक्षकका सरुवा हुन पर्ने वा नपर्ने ? नियुक्त भएको विद्यालयमा कम्तिमा कति अवधि रहनै पर्ने ? सरुवा गर्ने निकायहरु कुन कुन हुने ? सरुवाका लागि सहमती आवश्यक पर्ने कि नपर्ने ? पर्ने भए ककस्को सहमती चाहिने ? अनिवार्य सरुवा ब्यवस्था राख्ने कि नराख्ने ? राख्ने हो भने कति अवधिमा अनिवार्य सरुवा हुने ? सरुवा गर्दा विषयगत शिक्षकहरु र तहगत अवस्थाको विश्लेषण गर्ने कि नगर्ने ? शिक्षकहरुको सरुवा गर्दा वर्षैभरि गरिरहने कि निश्चित महिना वा तिथि मिति किटानी गर्ने ? यी र यस्तै सबालहरुमा सुक्ष्म विश्लेषण गरेर मात्र शिक्षक सरुवा प्रणालीलाई प्रभावकारी बनाउन सकिन्छ ।

५. शिक्षक सरुवाबारे शिक्षा ऐनले नै अनिवार्य ब्यवस्था गर्नै पर्दछ । निजामती सेवामा झैं शिक्षा सेवाले शिक्षक सरुवाका मापदण्डहरु ऐन, नियमावलीमा किटानीका साथ तोक्नु राम्रो हुन्छ । एउटा विद्यालयमा सेवा गरेको तिन वर्षमा अनिवार्य सरुवा हुनैपर्ने र यसरी सरुवा गर्दा सम्वन्धित स्थानिय तहमा नजिकको विद्यालयलाई पहिलो प्राथमिकतामा राख्नु पर्दछ । एउटा शिक्षकले तिस वर्ष जागिरमा रहने हो भने दशवटा विद्यालय र चालिस वर्ष जागिर खानेले तेह्रवटा विद्यालयमा पुग्दा धेरैजसो एकै स्थानिय तहमा घुमिरहेको हुन्छन् । शारीरिक असहजता भएकाको हकमा भने लचिलो बन्न यस्ता शर्तहरु बाधक नबन्ने गरिनु पर्दछ । सरुवा गर्ने महिना सत्रको अन्तमा अर्थात हालको स्थितिमा चैत्रको तेश्रो हप्ता देखि बैशाखको पहिलो हप्ता भित्र सरुवा भै सक्नु पर्ने प्रावधान हुनु सान्दर्भिक बन्न सक्दछ । शिक्षक सरुवाका कारणले विद्यार्थीको पढाईमा क्षति नहोस भन्नेतर्फ सरोकार वर्गले जिम्मेवारीका साथ गम्भिर हुनु पर्दछ । शिक्षक सरुवामा विद्यालयको सहमती र स्थानिय तहको सिफारिसलाई सकारात्मक रुपमा लिनुपर्दछ । माग्दैमा गरिने सरुवा र सहमतीका नाममा विद्यालयको शिक्षण सिकाई क्रियाकलापलाई हानी पुग्ने गरी सरुवा गर्ने परम्पराको अन्त्य जरुरी पक्ष हो । अन्य हस्तक्षेप तथा आर्थिक लेनदेनमा गरिने शिक्षक सरुवा निन्दनिय भएकाले सो को नियन्त्रण पहिलो शर्त बनाउनु पर्दछ । सहमतीमा हुने पारस्परिक सरुवालाई समेत यी मापदण्ड अनुशार नै ब्यवस्थापन गर्दा राम्रो हुन्छ ।

# युवा पलायनले अर्थतन्त्र असुरक्षित



✍ रत्न प्रजापति



पढाइ सकेपछि विद्यार्थीहरूले विद्यालय र विश्वविद्यालय छाड्छन् । त्यसपछि देशमा रोजगारी वा अन्य केही गरिखाने उपाय नदेखेपछि निराश भएर देशै छाड्छन् । समकालीन नेपालको अर्थ-सामाजिक र राजनीतिक अवस्थाको परिदृश्य यस्तै नै छ । राजनीतिक नेतृत्वको अदूरदर्शिता र सरकारको अकर्मण्यताका कारण रङ्गीन सपना देख्ने युवाले देशमा आफ्नो भविष्य देखेकै छैनन् । उनीहरूले आशाको उज्यालो किरण कतै देखेकै छैनन् । सर्वत्र निराशामात्रै छ । देशले पनि त्यस्ता महत्वाकांक्षी युवामा आशा र भरोसा जगाउनै सकेको छैन । विशेष गरी देशको विसङ्गतियुक्त राजनीतिका कारण अधिकांश युवाको मनमा निराशा छाएको छ । देशको हरेक क्षेत्रमा राजनीतिको प्रभाव हाबी छ । तर, राजनीति विकृत भइदिँदा देशको सबै क्षेत्रमा बेथिति मौलाएको छ । जसले युवाको मनमा निराशा उत्पन्न गराएको छ, अनि त्यही निराशाका कारण आशा, भरोसा र सपनाको खोजीमा देशबाट बर्सेनि ठूलो संख्यामा नेपाली युवा बिदेसिइरहेका छन् ।

देशको वर्तमान आर्थिक, सामाजिक र राजनीतिक अवस्थाको मूल्यांकन गर्दै देशमा आफ्नो भविष्य नदेखेर भर्खर प्लस टु सकेका किशोरकिशोरीदेखि ऊर्जाशील युवासम्मले विदेश जानका लागि तँछाडमछाड नै गरिरहेको यथार्थबाट कोही अनभिज्ञ छैनन् । घरका अभिभावकले पनि बिदेसिन लालायित आफ्ना छोराछोरीलाई स्वदेशमै बस र केही गर भनेर सम्झाउने कुनै उपाय नै देखेका छैनन् । त्यसैले बिदेसिन लालायित छोराछोरीसामु अभिभावकहरू किंकर्तव्यविमूढ छन् । देशैभरिबाट विद्यार्थी र कामदारका रूपमा सबै युवा बिदेसिन थालेपछि देश युवाविहीन बन्ने हो कि भनेर सार्वजनिक चिन्ता पनि व्यक्त हुँदै आएको छ ।

नेपालको जनसांख्यिक संरचनालाई हेर्ने हो भने युवा जनसंख्या अत्यधिक छ । यही अत्यधिक युवा जनसंख्याका कारण प्राप्त हुने जनसांख्यिक लाभ भने अरू नै देशले प्राप्त गरिरहेका छन् । किनभने नेपालका अधिकांश युवा विदेशमै छन् । युवा जनशक्तिको अभावको देशको आर्थिक क्रियाकलाप नै प्रभावित छ । सबैभन्दा बढी प्रभावित क्षेत्र हो कृषि । कृषिमा अत्यधिक जनशक्तिलाई ग्रहण गर्ने क्षमता हुँदाहुँदै पनि कृषिप्रतिको विकर्षण र युवा पलायनले गर्दा देशको अर्थतन्त्रमा सर्वाधिक योगदान गर्ने कृषिक्षेत्र नै उपेक्षित हुँदै छ । यसका साथै अन्य क्षेत्रमा पनि आवश्यक जनशक्तिको अभाव निरन्तर खट्किरहेकै छ । देशमा बेरोजगारीका कारणले मात्रै युवा विदेश पलायन भएका होइनन् । मुख्य कारण त देशमा बस्दा आफ्नो भविष्य सुरक्षित छैन भन्ने सोच नै हो । युवामनमा यस्तो सोच आउनुको मूल कारण राजनीतिक बेथिति नै हो । एजुकेसन कन्सल्टेन्सीदेखि म्यानपावर कम्पनीसम्म र एम्बेसीदेखि एयरपोर्टसम्म विदेश जानका लागि धाइरहेका युवाको लर्कनले देशमा विद्यमान बेथितिहरूको कहालीलाग्दो अवस्था झल्काइरहेको महसुस हुन्छ ।

रोजगारीका लागि गएकाहरुले त विदेशमा काम गरुन्जेल कमाएर पठाउँछन् । स्वदेश फर्कंदा पनि केही कमाइ लिएरै फर्कन्छन् । विदेशको कमाइले घर-व्यवहार चलाउँछन् र देशको अर्थतन्त्र चलाउन पनि सघाउँछन् । तर, अध्ययनका लागि जाने विद्यार्थीहरूले स्वदेशबाट लाखौं रुपैयाँ लिएर जान्छन् । विदेशमा अध्ययन गरुन्जेल पनि स्वदेशबाटै पैसा मगाउँछन् । तर जब कमाउन थाल्छन्, त्यो कमाइ विदेशमै राख्छन्, स्वदेशमा पठाउँदैनन् र आफू स्वयं पनि स्वदेश फर्किंदैनन् । यसरी सधैंका लागि देश छाड्नेहरूका कारण देशको अर्थतन्त्र र सामाजिक संरचनामा दूरगामी असर परिरहेको छ । दोष देश छाड्नेहरूको होइन, देश छाड्न बाध्य पार्नेहरूको हो ।

देशमा रोजगारीको अवसर पर्याप्त छैन । रोजगारी सिर्जना गर्ने आर्थिक

# प्रदेशको ५ जिल्लामा ६ जनाको मृत्यु

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशको ५ जिल्लामा विभिन्न घटनामा एकैदिन ६ जनाको मृत्यु भएको छ । प्रदेशको सिन्धुपाल्चोक, रामेछाप, चितवन, धादिङ र सिन्धुली जिल्लामा ६ जनाको मृत्यु भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको हो ।

सिन्धुपाल्चोक जिल्लाको मेलम्ची नगरपालिका-१०, बगुवामा एक जनाको मृत्यु भएको छ । मृत्यु हुनेमा ३० वर्षीया बुद्धिमाया तामाङ रहेको प्रहरीले जानकारी दिएको छ ।

बुधबार बिहान ९ बजेको समयमा तामाङलाई पेट दुखेर अस्पताल लैजाँदै गर्दा बाटोमा नै मृत्यु भएको हो । तामाङलाई एनएमसी अस्पताल जोरपाटी, काठमाडौंमा पुऱ्याए पनि चिकित्सकले मृत घोषणा गरेको प्रहरीले जानकारी दिएको छ ।

रामेछाप जिल्लाको रामेछाप नगरपालिका-६, ओखेनीमा भिरबाट लडेर एकजना वृद्धको मृत्यु भएको छ । मृत्यु हुनेमा ८५ वर्षीय गोकुल घिसिङ रहेको प्रहरीले जानकारी दिएको छ ।

बुधबार साँझ ६ बजेर ३५ मिनेटको समयमा घिसिङ भालुखोप बजारबाट आफ्नो घरतर्फ फर्कने क्रममा झगरेलेख पाखाबाट ५० मिटर तल खस्दा घटनास्थलमा नै मृत्यु भएको प्रहरीले जानकारी दिएको छ ।

यस्तै, रामेछाप जिल्लाकै लिखु तामाकोशी गाउँपालिका-१, दुरागाउँमा करेन्ट लागेर एक जना बालकको मृत्यु भएको छ । मृत्यु हुनेमा १३ वर्षीय पाण्डव पुट्टे सार्की रहेको प्रहरीले जानकारी दिएको छ ।

बुधबार बिहान ८ बजेर ४५ मिनेटको समयमा सार्की आफ्नै घरको कोठामा स्पिकर जोड्ने क्रममा करेन्ट सर्ट भई घाइते भएका थिए । घाइते सार्कीलाई उपचारका लागि दुरागाउँ हेल्थपोष्ट रामेछाप लैजाने क्रममा बाटोमा नै मृत्यु भएको हेल्थपोष्टका चिकित्सकले घोषणा गरेको प्रहरीले जानकारी दिएको छ ।

यता, चितवन जिल्लाको भरतपुर महानगरपालिका-३, कमलनगरमा करेन्ट लागेर एक जनाको मृत्यु भएको छ । मृत्यु हुनेमा भरतपुर महानगरपालिका-२ का ३८ वर्षीय बिक्रम गुरुङ रहेको प्रहरीले जानकारी दिएको छ ।

बुधबार दिउँसो १ बजेर ३० मिनेटको समयमा बिजुली बनाउने क्रममा गुरुङलाई एक्कासी करेन्ट लागि गम्भिर घाइते भएका थिए । घाइते गुरुङलाई उपचारका लागि नयाँ मेडिकल कलेज भरतपुर लगिएकोमा उपचारका क्रममा दिउँसो ४ बजेर १५ मिनेटको समयमा मृत्यु भएको प्रहरीले जानकारी दिएको छ ।

धादिङ जिल्लाको बेनिघाट रोराङ गाउँपालिका-२, चुलेसीपुरमा रुखबाट खसेर एक जनाको मृत्यु भएको छ । मृत्यु हुनेमा १६ वर्षीय सुजन तामाङ रहेको प्रहरीले जानकारी दिएको छ ।

बुधबार बिहान ६ बजेको समयमा तामाङ खोलाको भिरमा रहेको चिउरीको रुखमा चढी घाँस काट्दै गरेको अवस्थामा रुखबाट लडी खोलामा खस्दा गम्भिर घाइते भएका थिए । तामाङलाई उपचारका लागि स्थानीय महादेवस्थान स्वास्थ्य चौकी ताल्तीमा लगिएकोमा उपचारको क्रममा बिहान ११ बजेको समयमा डाक्टरले मृत घोषणा गरेको प्रहरीले जानकारी दिएको छ ।

यस्तै, सिन्धुली जिल्लाको घ्याङ्लेख गाउँपालिका-४, बन्दीपुरमा एक जना वृद्धको मृत्यु भएको छ । मृत्यु हुनेमा ७९ वर्षीय दमै सिंह स्याङ्बा रहेको प्रहरीले जानकारी दिएको छ ।

स्याङ्बा बुधबार वडा कार्यालयमा सामाजिक सुरक्षा भत्ता लिन गएकोमा एक्कासी चौरमा लड्दा घटनास्थलमा नै मृत्यु भएको थियो । मुचुल्कापश्चात शव पोष्टमार्टमका लागि जिल्ला अस्पताल सिन्धुली लगिएको प्रहरीले जानकारी दिएको छ ।

# ४ सय ८ वटा अयोग्य सिलिण्डर नष्ट



समाज संवाददाता

हेटौंडाः ग्यास वान नेपाल प्रालिले खाना पकाउने ग्यासको अयोग्य सिलिण्डर नष्ट अभियान चलाएको छ । मंगलबार एक कार्यक्रममा जितपुर सिमरा उपमहानगरपालिका-१६, पिलुवामा ४ सय ८ वटा अयोग्य सिलिण्डर नष्ट गरिएको कार्यक्रम सञ्चालक सरोजराज ढकालले जानकारी दिनुभयो ।

कार्यक्रममा सिलिण्डरको ग्यास भर्ने समयमा सामान्य जाँच गर्नुपर्ने, १० वर्षमा नयाँ सिलिण्डर र हरेक ५ वर्षमा हाइड्रोस्ट्याटिक टेस्ट (हाइड्रोलिक प्रेसर) लगायत जाँच गर्नुपर्ने जानकारी गराइएको थियो । जाँच गर्दा लिक भएमा, मुनितिरको वा माथितिरको गोलो (रिङ) बिग्रे, धेरै खिया लागे वा ५ प्रतिशत तौल घटेको भेटिएमा सिलिण्डर अयोग्य ठहरिने र त्यस्तो अवस्थामा मापदण्डअनुसार ग्यास भर्न नमिल्ने भएकाले नष्ट गर्ने गरेको कार्यक्रम सञ्चालक ढकालले जानकारी दिनुभयो । पुरानो तथा प्रयोग गर्न नमिल्ने सिलिण्डरहरुको हाइड्रोस्ट्याटिक टेष्ट गरी उपभोक्ताहरुको सुरक्षालाई ध्यान दिँदै प्रयोग गर्न नमिल्ने छनौट गरी नष्ट गर्न आवश्यक ४ सय ८ वटा अयोग्य सिलिण्डर नष्ट गरिएको उहाँले जानकारी गराउनुभयो ।


# मकवानपुर बाल विद्या सदन

## हेटौंडा-१८, खड्कुले

## छात्रवृत्तिका लागि आवेदन दिनेसम्बन्धी सूचना !

शैक्षिकसत्र २०८१ मा यस विद्यालयमा अध्ययनरत विद्यार्थीहरु मध्येबाट जेहेन्दार, विपन्न, असहाय तथा गरिब, अपाङ्ग, महिला, दलित, जनजाति, द्वन्द्व पीडित तथा सहीद परिवार लगयत उत्कृष्ट शैक्षिक परिणाम प्राप्त विद्यार्थीहरुलाई पूर्ण तथा आंशिक छात्रवृत्ति प्रदान गरिने हुँदा सम्बन्धित विद्यार्थी वा विद्यार्थीको परिवारबाट आजको मितिले ७ (सात) दिन भित्र छात्रवृत्तिका लागि आवेदन माग गरिएको छ ।

### छात्रवृत्तिका लागि आवश्यक कागजात

१. दलित, जनजाति, अपाङ्ग, द्वन्द्व पीडित, सहीद परिवार, मधेसी, अल्पसंख्यक लगायत प्रमाणित हुने जिल्ला प्रशासन कार्यालयको निस्सा ।
२. गरिबको हकमा आफ्नो नाममा कुनै सम्पत्ति नभएको र मासिक १० हजार भन्दा कम आम्दानी भएको प्रमाणित स्थानीय तहको निस्सा ।
३. विद्यालयको गत शैक्षिकसत्रको ग्रेडसिटको प्रतिलिपी ।

### शर्तहरू

१. तोकिएका शीर्षक उपर प्राप्त निवेदनलाई अभिभावकको आर्थिक अवस्था, विद्यार्थीको शैक्षिक अवस्था आदिको आधारमा प्राथमिकता छुट्याई सोही आधारमा कमजोर आयस्तर भएकालाई प्राथमिकता दिईनेछ ।
२. छात्रवृत्तिका आवेदन दिने विद्यार्थी विद्यालयले लिएको गत बर्षको बार्षिक परीक्षामा सफल भएको हुनुपर्नेछ ।
३. छात्रवृत्ति कार्यक्रम कक्षा १ कक्षादेखि १० कक्षासम्मका विद्यार्थीहरुमा मात्र लागु हुनेछ ।
४. शैक्षिक छात्रवृत्ति विद्यार्थीले प्राप्त गरेको उत्कृष्ट शैक्षिक उपलब्धीको आधारमा प्रदान गरिनेछ ।


# जन्मदिनमा शैक्षिक सामग्री

समाज संवाददाता

हेटौंडाः हेटौंडा-१८, हर्नामाडीमा रहेको गोरक्षनाथ माध्यमिक विद्यालयलाई जन्मदिनको अवसरमा विपन्न तथा जेहेन्दार विद्यार्थीलाई शैक्षिक सामग्री वितरण गरिएको छ ।

बिहीबार विद्यालय नर्स शितल राउतले जन्मदिनको अवसरमा विद्यालयलाई ५ वटा गमला र ३० जना विपन्न तथा जेहेन्दार विद्यार्थीलाई शैक्षिक सामग्री वितरण गर्नुभएको हो ।

# ४१ जनाले गरे रक्तदान

समाज संवाददाता

हेटौंडाः बुधबार हेटौंडाको दुई स्थानमा रक्तदान कार्यक्रम भएको छ । कार्यक्रममा ४१ जनाले रक्तदान गरेका छन् ।

मकवानपुर सहकारी अस्पतालको आयोजनामा भएको कार्यक्रममा १४ जनाले रक्तदान गरेका थिए । १३ औं वार्षिक उत्सवको अवसरमा भएको कार्यक्रममा २ जना महिला र १२ जना पुरुषले रक्तदान गरेको रक्तसञ्चार केन्द्र हेटौंडाका प्राविधिक किशोर सापकोटाले जानकारी दिनुभयो ।

यस्तै, प्रज्ञा महाविहारले पनि रक्तदान कार्यक्रमको आयोजना गरेको थियो । कार्यक्रममा २७ जनाले रक्तदान गरेका थिए । बुद्ध जयन्तीको अवसरमा भएको कार्यक्रममा ५ जना महिला र २२ जना पुरुषले रक्तदान गरेका थिए ।

प्रज्ञा महाविहारले २०५५ सालदेखि बुद्ध जयन्तीको अवसरमा रक्तदान कार्यक्रम आयोजना गर्दै आएको छ । दुबै रक्तदान कार्यक्रममा रक्तसञ्चार केन्द्र हेटौंडाको प्राविधिक सहयोग रहेको थियो ।

यस्तै, शुक्रबार पनि रक्तदान कार्यक्रम रहेको छ । हातेमालो सहकारीको आयोजनामा शुक्रबार बुद्धचोकमा रक्तदान कार्यक्रम हुनेछ ।

## युवा पलायनले...

क्रियाकलापहरू विभिन्न कारणले प्रभावित छन् । उद्योगी-व्यवसायीहरू निराश छन् । लगानीको वातावरण छैन । पटक-पटक लगानी सम्मेलन गर्दा पनि अपेक्षित रूपमा लगानी प्रवर्द्धन हुन सकेको छैन । भर्खरै सम्पन्न तेस्रो संस्करणको लगानी सम्मेलनमा पनि अपेक्षित लगानी प्रतिबद्धता आउन सकेन । लगानी प्रवर्द्धन हुन नसक्दा थप रोजगारी सिर्जना हुन सकेको छैन । राज्यले अँगालेका आर्थिक नीतिहरूले लगानीकर्ता र व्यवसायीहरूको हौसला बढाउन सकेको छैन । राजनीतिक स्थायित्वको अभाव र अस्थिर आर्थिक नीतिहरूले गर्दा लगानीकर्ता र व्यवसायीहरू सधैं निराश छन् । त्यो निराशाको परिणाम देशका ऊर्जावान् युवाले भोग्नुपरेको छ र उनीहरू थप निराश हुन विवश छन् ।

निश्चित तहको शैक्षिक योग्यता हासिल गरेको खुसीमा ठूलो उत्साह र उमङ्गका साथ श्रमबजारमा प्रवेश गरेर रोजगारीको अवसर खोज्ने युवा जमात त्यही रोजगारीको अवसर नपाएर निराश भइरहेका छन् । उनीहरूको मनबाट राज्यप्रतिको भरोसा पनि उठेको छ । अनि त्यही निराशाले डोऱ्याएका धेरै युवा अवसरको खोजीमा बिदेसिन लालायित हुन् । तेस्रो नेपाल श्रमशक्ति सर्वेक्षण, २०७४-७५ ले बेरोजगारी दर ११.४ प्रतिशत रहेको देखाएको छ । यही बेरोजगारीको पीडाले रन्थनिएका युवाले जीवनको गतिलाई सहज यात्रामा डोऱ्याउन र आफ्ना केही सपना पूरा गर्न तथा जीवनका लक्ष्य हासिल गर्न अवसर र अझ राम्रो अवसरको खोजीमा धमाधम देश छाड्दै छन् । यसरी जुन गतिमा युवाले देश छाड्दै छन् अथवा योग्य र सक्षम युवाले देश छाड्ने प्रवृत्ति जुन गतिमा बढिरहेको छ, त्यसले देशको अर्थतन्त्र मात्रै असुरक्षित बनेको छैन, देशको भविष्य नै अन्धकार तर्फ धकेलिने सङ्केत पनि गरिरहेको छ ।

देशमा सेवाभन्दा स्वार्थको राजनीति हाबी छ । व्यक्तिगत र दलगत स्वार्थपूर्तिका लागि जस्तोसुकै सम्झौता गर्ने परिपाटीले मूलधारको राजनीति नै गलत दिशामा अघि बढिरहेको आभास हुन्छ । यसरी गलत दिशामा हिँडेको राजनीतिले देशलाई अधोगतितर्फ डोऱ्याइरहेको छ । राजनीतिक नेतृत्व स्वार्थले परिचालित भइदिँदा त्यसको प्रभाव अन्य क्षेत्रमा परेको छ । राजनीतिक नेतृत्वले गलत मार्ग अवलम्बन गर्दा र तिनको दबाब र प्रभावमा परेर देशको कर्मचारी प्रशासन र न्याय प्रशासनसमेत सार्वजनिक सेवालाई चुस्तदुरुस्त बनाउनमा भन्दा आफ्नो व्यक्तिगत स्वार्थपूर्तिमा दत्तचित्त भएर लागेकाले सर्वत्र असन्तुष्टि, निराशा र आक्रोशमात्रै बढेको अवस्था छ ।

मूलतः देशको राजनीतिमा व्याप्त बेथितिको प्रभाव अरू सबै क्षेत्रमा परेको छ र सबै क्षेत्रमा बेथिति व्याप्त छ । यस्तै बेथितिका भुक्तभोगी र यस्तै बेथितिबाट प्रताडित युवाका मनमा यो देशमा बसेर केही हुँदैन भन्ने निराशाजनक भावना र उस्तै अवधारणाको विकास भइरहेको छ । अनि यस्तै युवाले सधैंका लागि देश छाड्दै छन् । अध्यागमन विभागको एक तथ्याङ्कअनुसार सन् २०२३ मा कुल १६ लाख ३ हजार ८ सय ३६ नेपाली विभिन्न उद्देश्यले बिदेसिएका छन् । जसमध्ये ७० हजार ९ सय १५ जनाले सधैंका लागि देश छाडेका छन् । युवामा व्याप्त निराशा चिर्न र देशप्रति भरोसा जगाउन राज्यसंयन्त्र पूर्ण रुपमा असफल बन्दै आउनुको परिणाम हो, युवाको विदेश पलायन ।

समस्या नेपालीले सधैंका लागि देश छाड्नुमात्रै होइन, कस्ता नेपालीले देश छाड्दै छन् र कति नेपालीले देश छाड्दै छन् भन्ने प्रश्न अहम् हो । लरतरा र कमजोर नेपालीले देश छाडेका छैनन् । सस्तो मूल्यमा आफ्नो श्रम बेचेर पनि त्यस्ता नेपाली स्वदेशमै सङ्घर्ष गर्न अभिशप्त छन् र गरिबीले पिल्सिएर सङ्घर्षै सङ्घर्षमा बाँचिरहेका छन् । बरु सक्षम र योग्य नेपालीले नै सधैंका लागि देश छाड्दै छन् । हो, यही कारणले देशको अर्थतन्त्र असुरक्षित बन्दै छ ।

बसाइँ सर्ने अथवा अवसरको खोजीमा हिँड्ने क्रम देशभित्रै मात्र सीमित नभएर विदेशसम्म पुग्नुको परिणाम हो, बिदेसिने नेपालीको संख्यामा भएको वृद्धि । अदक्ष, अर्धदक्ष, दक्ष, व्यावसायिक र उच्च दक्षता भएका जनशक्ति अवसरको खोजीमा बिदेसिने गरेको वैदेशिक रोजगार विभागको तथ्यांक छ । विभागको तथ्यांकअनुसार आर्थिक वर्ष २०७९/८० मा मात्रै २६.२६ प्रतिशत अदक्ष, ७.८५ प्रतिशत अर्धदक्ष, ६५.६९ प्रतिशत दक्ष, ०.१४ प्रतिशत व्यावसायिक र ०.०३ प्रतिशत उच्च दक्ष जनशक्ति रोजगारीका लागि बिदेसिएका छन् ।

अदक्ष र अर्धदक्षभन्दा दक्ष, उच्च दक्ष र व्यावसायिक जनशक्ति बिदेसिनु चिन्ताको विषय हो, जुन जनशक्ति देशको विकासका लागि अति आवश्यक छ । पछिल्लो समय डाक्टर, नर्स, इन्जिनियर, सूचना प्रविधि विज्ञ र अन्य विषयविज्ञलगायतका दक्ष, उच्च दक्ष र व्यावसायिक जनशक्ति बिदेसिने क्रम बढेको छ । यो प्रवृत्तिले देश विकासको कार्य नै प्रभावित हुन सक्ने सम्भावना पनि बढेको छ । देश विकासका लागि प्राविधिक र प्रशासनिक दुवै किसिमका जनशक्तिको आवश्यकता पर्छ । यसमध्ये पनि प्राविधिक जनशक्तिको आवश्यकता अझ धेरै हुन्छ । तर, हाल प्राविधिक जनशक्ति नै धेरै बिदेसिइरहेकाले देश विकासको कार्य नै प्रभावित भइरहेको छ ।

हरेक खालको जनशक्ति उत्पादनमा राज्यको लगानी छ । उत्पादित जनशक्ति बिदेसिँदा राज्यको लगानी खेर गएको छ र प्रतिफल पाउनबाट वञ्चित हुनुपरेको छ । जनशक्ति पलायनले देशको लगानी र प्रतिफलसँगसँगै सेवाग्राहीले पाउनुपर्ने सरल र सहज सेवा प्रवाह पनि प्रभावित भएको छ । देश विकास र समृद्धिको यात्रा पनि प्रभावित भएको छ, जसले गर्दा नेपालकै जस्तो अर्थ-सामाजिक अवस्था भोगेका अरू धेरै देश विकासशील र विकसित देशमा स्तरोन्नति भइसक्दा पनि हामीचाहिँ अझै पनि विकासशील देशमा स्तरोन्नति हुन पनि सन् २०२६ को भाखा पर्खिरहेका छौं । आखिर नेपालका युवा जनशक्ति देशमा बस्नै नचाहने परिस्थिति कसरी सिर्जना भयो ? अथवा युवा जनशक्ति देशमा टिक्नै नसक्ने परिस्थिति कसरी सिर्जना भयो ? यसमा कसको बढी दोष छ ? यसबारेमा गम्भीरतापूर्वक सोच्नु आवश्यक भइसकेको छ ।

*(स्रोतः कारोबारदैनिक)*


## डिबिजन वन कार्यालय, मकवानपुरको अनुरोध ।

वन, वन्यजन्तु, जैविक विविधता र प्राकृतिक वातावरणको संरक्षण गर्दै, थप जनधनको क्षतिहुनबाट बचाउँनु हामी सबैको कर्तव्य हो । तसर्थ वन डढेंलो नियन्त्रण कार्यमा सहयोग गर्नु हुन सम्पूर्ण स्थानीय तह, सरकारी तथा गैह्र सरकारी निकाय, वन समूह, संघ–संस्था, पत्रकार लगायत सम्पूर्णमा डिभिजन वन कार्यालय, मकवानपुर हार्दिक अपिल गर्दछ ।

**डिभिजन वन कार्यालय, मकवानपुर**

## हेटौंडा रिफरेन्स ल्यावरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समयः बिहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।

थप जानकारीको लागि HRL

**हेटौंडा रिफरेन्स ल्यावरोटरी**

हेटौंडा–१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७–५२०४५७

# चलचित्र पत्रकारिता दिवसमा पत्रकार पुरस्कृत, कलाकार सम्मानित



समाज संवाददाता

हेटौंडाः चलचित्र पत्रकार संघको २५ औं स्थापना दिवस तथा चलचित्र पत्रकारिता दिवसको अवसरमा २ जना पत्रकार पुरस्कृत र २ जना कालाकार सम्मानित हुनुभएको छ । बिहीबार हेटौंडामा एक कार्यक्रमको आयोजना गरी ४ जनालाई पुरस्कार तथा सम्मान प्रदान गरिएको हो ।

राष्ट्रिय चलचित्र पत्रकारिता पुरस्कार २०८१ चलचित्र पत्रकार गीता अधिकारीलाई प्रदान गरिएको छ। चलचित्र निर्माता एवम् वितरक नरेन्द्र महर्जनले आफ्नो बुबाको नाममा स्थापना गर्नुभएको नन्दबहादुर महर्जन स्मृति राष्ट्रिय चलचित्र पत्रकारिता पुरस्कारको राशि ११ हजार १ सय ११ रुपैयाँ रहेको छ । दुई दशकदेखि चलचित्र पत्रकारितामा सक्रिय अधिकारी चलचित्र पत्रकार संघको पूर्वकेन्द्रीय उपाध्यक्षसमेत हुनुहुन्छ । गीतकारसमेत रहनुभएकी अधिकारी हाल मिलास मासिक पत्रिकामा आवद्ध हुनुहुन्छ ।

यस्तै, चलचित्र पत्रकारिता पुरस्कार २०८१ पत्रकार बालकृष्ण अधिकारीलाई प्रदान गरिएको छ । मकवानपुरमा रहेर अधिकारी लामो समयदेखि छापा तथा टेलिभिजन पत्रकारितामा सक्रिय हुनुहुन्छ। हेटौंडाबाट कान्तिपुर टेलिभिजनका लागि पत्रकारिता गरिरहेका अधिकारी चलचित्र पत्रकार संघ मकवानपुर शाखाका संस्थापक सहसचिवसमेत हुनुहुन्छ । अधिकारीलाई नगद ५ हजार राशिसहित पुरस्कृत गरिएको हो ।

संघले कलाकर्मी सम्मान २०८१ बाट दुई कलाकारलाई सम्मान गरेको छ । गायक तथा कलाकार कोशीस क्षेत्री र कलाकार ध्रुब न्यौपानेलाई उक्त सम्मान प्रदान गरेको हो ।

चलचित्र पत्रकार संघ मकवानपुर शाखा अध्यक्ष कपिल खड्काको अध्यक्षता एवम् हेटौंडा उपमहानगरपालिकाका उपप्रमुख राजेश बानियाँको प्रमुख आतिथ्यमा कार्यक्रम भएको हो । कार्यक्रममा चलचित्र पत्रकार संघका केन्द्रीय अध्यक्ष समिर बलामी, केन्द्रीय उपाध्यक्ष नरेन्द्र महर्जन, हेटौंडा उपमहानगरपालिका-२ नम्बर वडा अध्यक्ष विष्णुगोपाल महर्जन, ६ नम्बर वडा अध्यक्ष विष्णुबहादुर दाहालको विशिष्ट आतिथ्य रहेको थियो ।

# हेटौंडाका साइकलयात्री आँबुखैरनी पुगे



समाज संवाददाता

हेटौंडाः २५६७ औं बुद्धजयन्तीको अवसरमा हिमलयन राइडर्स सोसाइटी मकवानपुरको आयोजना गरेको मकवानपुरको ऐतिहासिक मकवानपुरगढी देखि गोरखा दरबारसम्मको दुईदिने साइकलयात्रामा सहभागी साइकलयात्री बिहिबार साँझ गोरखा जिल्लाको आँबुखैरनी पुगेका छन्। बिहिबार बिहान साढे ६ बजेको समयमा मकवानपुरगढी दरबारबाट यात्रा सुरु गरेका साइकलयात्री साँझ ७ बजेर १५ मिनेटको समयमा आँबुखैरनी पुगेको हिमालय राइडर्स सोसाइटीका उपाध्यक्ष राजु थापा मगरले जानकारी दिनुभएको छ ।

मकवानपुरगढी गाउँपालिका-२ को समन्वयमा आन्तरिक पर्यटन प्रवर्द्धनको निम्ति ऐतिहासिक मकवानपुरगढीदेखि गोरखा दरबारसम्म साइकलयात्रामा सहभागीलाई वडा अध्यक्ष बखानसिं पाखिनले विदाई गर्नुभएको थियो । साइकलयात्रामा १२ जनाले सहभागिता जनाएको सोसाइटीका अध्यक्ष रामकुमार श्रेष्ठले जानकारी दिनुभएको छ। शुक्रबार साँझ गोरखा दरबार पुगेर यात्रा समापन गरिने छ। पहिलो दिन मुग्लिनसम्म पुग्ने लक्ष्य रहे पनि अझै अगाडि पुगेर बास बसेको उपाध्यक्ष मगरले जानकारी दिनुभएको छ ।

साइकलयात्रामा सोसाइटीका संस्थापक अध्यक्ष चेतनाथ आचार्य, उपाध्यक्ष राजु थापामगर, कोषाध्यक्ष लक्ष्मीचरन श्रेष्ठ, सदस्य बुद्धिबहादुर आलेमगर, अशोक जोशी, केवल बानियाँ, सुरज लिम्बू, दुर्गाप्रसाद लामिछाने, कीर्तन मानन्धर, प्रदीप थापाक्षेत्री, लेखनाथ ढकाल, नबराज नेपालले सहभागिता रहनेछ । सुरज लिम्बुको एउटा हात कृत्रिम रहेको छ । लिम्बु फरकक्षमता भएका व्यक्ति हुनुहुन्छ। हिमालयन राइडर्स सोसाइटीले यसअघि चीनसँगको सीमाक्षेत्र र सुवागढीदेखि भारतको सीमाक्षेत्र ठोरीसम्म १० जनाको साइकलयात्रा गरेको थियो भने पूर्व मेचिदेखि पशिचम महाकालीसम्म १३ जनाको समूहले साइकलयात्रा गरिसकेको छ ।

# ब्याडमिन्टनमा मोक्तान र अर्याल प्रथम

समाज संवाददाता

हेटौंडाः मकवानपुरको थाहा नगर पालिकामा भएको ब्याडमिन्टन प्रतियोगितामा नरेन्द्र मोक्तान र देवकुमार अर्याल प्रथम हुनुभएको छ। थाहा-, क्याम्पडाँडामा भएको ५ औं उपमेयर कप ब्याडमिन्टन प्रतियोगितामा संग्राम केसी र सम्राट पाख्रिनलाई ३ सेटले पछाडि छोड्दै मोक्तान र अर्याल विजेता हुनुभएको हो ।

प्रतियोगिताको अन्तिम खेल बेस्ट अफ फाइबमा क्रमशः २१-८, १७-२१, १५-२१, २१-१२, २१-११ को सेटले मोक्तान र अर्याल प्रथम हुनुभएको मोक्तानले जानकारी दिनुभयो। बिहीबार र शुक्रबार दुई दिन भएको प्रतियोगितामा मोक्तान र अर्याललाई नगद २० हजार, प्रमाणपत्र र शिल्ड प्रदान गरिएको छ।

प्रतियोगितामा संग्राम केसी र सम्राट पाख्रिन दोस्रो हुनुभएको छ। दोस्रो हुने टिमलाई नगद १५ हजार, प्रमाणपत्र र शिल्ड प्रदान गरि एको छ । प्रतियोगितामा सेमिफाइनलमा पर ाजित सुबास थापा र इसाक केसीको टिम तथा नवीन चौधरी र कबिन्द्र वडको टिमलाई ५ हजार , प्रमाणपत्र र शिल्ड प्रदान गरिएको छ। थाहा नगरपलिका खेलकुद विकास समितिको आयोजनामा भएको प्रतियोगितामा १५ वटा टिमको सहभागिता रहेको थियो। प्रतियोगिताको अन्तिम दिन थाहा नगरपालिकाका उपमेयर भरत गोपालीको प्रमुख आतिथ्य रहेको थियो । नगर खेलकुद समितिका अध्यक्ष टीकाराम स्याङ्तानको अध्यक्षता रहेको थियो भने मकवानपुर जिल्लाका ब्याडमिन्टन संघका वरिष्ठ उपाध्यक्ष विजय सिंह ठकुरीको विशिष्ट आतिथ्य रहेको थियो । प्रतियोगिता थाहा नगरपालिका ब्याडमिन्टन संघको व्यवस्थापनमा भएको हो ।

# प्रजातान्त्रिक सेनानीहरुलाई सम्मान

समाज संवाददाता

हेटौंडाः प्रजातान्त्रिक विचार समाज जिल्ला कार्यसमिति मकवानपुरले प्रजातान्त्रिक सेनानीहरुलाई सम्मान गरेको छ । प्रजातान्त्रिक विचार समाजले स्मारिका विमोचन तथा सम्मान कार्यक्रमको आयोजना गर्दै प्रजातान्त्रिक सेनानीहरुलाई सम्मान गरेको हो ।

बिहीबार भएको कार्यक्रममा अशोक श्रेष्ठ, यादवराज पराजुली, परमेश्वर भ्लोन, हरिनन्द खरेल र ईश्वरचन्द्र अग्रवाललाई टीका, खादा र प्रमाणपत्रका साथ सम्मान गरिएको हो। कार्यक्रममा नेपाल कांग्रेस केन्द्रीय समितिका उपसभापति धनराज गुरुङको प्रमुख आतिथ्य र प्रजातान्त्रिक विचार समाज, मकवानपुरका अध्यक्ष डा. देवचन्द्र मानन्धरको सभाध्यक्षता रहेको थियो। कार्यक्रममा प्रजातान्त्रिक विचार समाजले पहिलो स्मारिका विमोचनसमेत गरेको छ। एक सय ३० पेजको प्रजातान्त्रिक दर्पण स्मारिकाको विमोचन प्रमुख अतिथि, विशिष्ट अतिथि र सभाध्यक्षले गर्नु भएको हो । कार्यक्रममा अध्यक्षले डा. मानन्धरले कार्यक्रमको उद्देश्य र महत्वको बारेमा प्रष्ट पार्नुभएको थियो ।

हार्दिक आमन्त्रण



जन्मः बि.सं.२०४० जेठ १९
स्व. केशव प्रसाद मुडभरी
स्वर्गारोहणः बि.सं. २०८१ जेठ २

यस फेमकोल एकेडेमी सेकेण्डरी बोर्डिङ स्कूलका संस्थापक प्रिन्सीपल आदरणीय **केशव प्रसाद मुडभरी**को मिति २०८१ साल जेठ २ गते बुधबारका दिन असामयिक निधनको खबरले मर्माहत भएका छौं । यस दुखद् घडीमा मुडभरी परिवारप्रति समवेदना प्रकट गर्नुहुने, अन्तिम संस्कारको क्रममा सागरमा पुग्नुहुने सम्पूर्ण अभिभावक, विद्यार्थी, शिक्षक, कर्मचारीमा तपसील बमोजिम पीतृप्रसाद ग्रहणका लागि उपस्थिति भइदिनुहुन सादर आमन्त्रण गर्दछौं ।

**तपसील**
मितिः २०८१/०२/१४
समयः दिनको १ बजेपछि ।
स्थानः हेटौँडा-१२, बीचरोड (मुडभरी निवास)

**प्रार्थी**
**फेमकोल एकेडेमी सेकेण्डरी बोर्डिङ स्कूल परिवार**
**हेटौँडा-१३, पदमपोखरी**
**९८४५२९४५०५/९८६३८०५८६२**

सादर आमन्त्रण



जन्मः बि.सं.२०४० जेठ १९
स्व. केशव प्रसाद मुडभरी
स्वर्गारोहणः बि.सं. २०८१ जेठ २

हाम्रा प्रिय सुपुत्र **केशव प्रसाद मुडभरी**को मिति २०८१ साल जेठ २ गतेका दिन दुर्घटनामा परी निधनको खबरले हामी मर्माहत छौं । यस दुखद् घडीमा हामीप्रति समवेदना प्रकट गर्नुहुने, अन्तिम संस्कारको क्रममा सागरमा पुग्नुहुने सम्पूर्णमा तपसील बमोजिम पीतृप्रसाद ग्रहणका लागि उपस्थिति भइदिनुहुन सादर आमन्त्रण गर्दछौं ।

**तपसील**
मितिः २०८१/०२/१४
समयः दिनको १ बजेपछि ।
स्थानः हेटौँडा-१२, बीचरोड (मुडभरी निवास)

**प्रार्थी**
**बुबा/आमा**
**सोमप्रसाद/प्रमिला मुडभरी**
**९८४५२९४५०५, ९८६३८०५८६२**

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौँडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ